# सामाजिक परिक्षण प्रतिवेदन

## आ. ब. २०८०/०८१

पेश गरिएको :

# कृषी र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास साझेदारी परियोजना

पेश गर्ने :

सामाजिक परिक्षक

**रमेश के.सी (आर.के.शीतल)**

# शान्तिनगर गाँउपालिको संक्षिप्त परिचय

शान्तिनगर गाउँपालिका लुम्बीनी प्रदेशमा पर्ने दाङ जिल्लाको पश्चिमी उत्तरतर्फ पर्दछ । यस गाउँपालिकाको दक्षिणमा दंगिशरण गाउँपालिका, पूर्वमा तुलसीपुर उप-महानगरपालिका, उत्तरमा सल्यान जिल्ला र पश्चिममा बबई गाउँपालिका आवस्थित रहेको छ । कुल ११६.०२ वर्ग कि.मीमा फैलिएको शान्तिनगर गाउँपालिकामा विभिन्न जातजातिका व्यक्तिहरुको बसोबास रहेको छ । यस गाउँपालिका साबिक बाघमारे, शान्तिनगर र धनौरी गा.वि.स को समावेशबाट गठन भएको छ । गाउँपालिकाको झण्डै आधा क्षेत्रफल जंगलले ओगटेको छ । जल क्षेत्र भने केही कम रहेको छ ।

वि.स २०७८ को जनगणना अनुसार रयस गाउँपालिकाको कुल जनसंख्या २७ हजार ६ सय ४१ जना रहेको छ । जसमा पुरुष १२ हजार ८ सय २ र महिला १४ हजार ८ सय ४० जना छ । पालिकामा जम्मा घरधुरी ६ हजार ९ सय १९ वटा रहेका छन् । यस गाउँपालिकामा सबैधन्दा धेरै ब्राह्मण/क्षेत्री समुदायको बसोबास रहेको छ । यस्तै दोस्रोमा थारु र तेस्रोमा मगर समुदायको बसोबास रहेको छ । जसमा ब्राह्मण क्षेत्री १२ हजार ५ सय ९ जना, थारु ४ हजार ४ सय ६८ जना र मगर ३ हजार ७ सय रहेको छ ।

गाउँपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि र पशु व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ । पालिकाका धेरै स्थानमा कृषी उत्पादन स्थानहरु रहेका छन् । उत्तरी भाग पहाडी क्षेत्र रहेको छ । जसमा किसानहरु पशुपालनकालागी उत्तम भुभाग रहेको छ । प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिकोलागी उपयुक्त उर्वर माटोको धनि गाउँपालिका हो । यस गाउँपालिकामा दोमट माटो, बलौटे चिम्टाइलो माटो पाईने हुँदा गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, जौं, नगदेबालीमा तोरी, आलु साथै मह उत्पादन र दलहन बालीमा मुसुरो, केराउ, चना, भटमास उत्पादन हुने गरेको छ ।

# परियोजनाको संक्षिप्त परिचय

**परियोजनाको नामः** कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना

**स्थानीय परियोजना साझेदार संस्थाः** नेपाल महिला सामूदायिक सेवा केन्द्र

**कार्यक्षेत्रः** शान्तिनगर गाउँपालिकाको ७ वटै वडाहरु

**परियोजना वजेटः** रु.३,६४,२८,५७२।-

**गाँउपालिका वजेटः** रु.२,५५,००,०००।-

**हेफर प्रोजेक्ट नेपाल वजेटः** रु.१,०९,२८,५७२।-

**आ.व २०८०/८१ को विनियोजीत वजेटः** रु ७२,०६,८५७।-

**गाँउपालिका वजेटः** रु.५५,००,०००।-
**हेफर प्रोजेक्ट नेपालः** रु.१७,०६,८५७।-
**लाभान्वित परिवार संख्याः** १४००
**लाभान्वित परिवार युवाः** १२५
**प्रत्यक्ष लाभान्वित परिवार संख्या :** १५२५
**वजार प्रणाली मार्फत लाभान्वित परिवार संख्याः** १३००
**जम्मा लाभान्वित परिवार :** २८२५
**यस परियोजनाको समयावधिः २८ महिना को हुनेछ ।**
**परियोजना शुरुवात मिति :** २९ फेब्रुअरी २०२४ (१७ फाल्गुण २०८०) परियोजना समाप्त मिति : ३० जुन २०२६ (१६ असार २०८३)

**परियोजनाको लक्ष्य**

- परियोजनामा प्रत्यक्ष रुपमा आवद्ध परिवारहरुको बार्षिक आम्दानीमा बृद्धि गरि जिविकोपार्जनमा सुधार गर्ने

**परियोजनाको उद्धेश्य**

- ❖ गरिब तथा विपन्न परिवारका १५२५ महिला तथा युवाहरुलाई ६३ वटा समूह र सहकारीमा संगठित गरि सामाविक पूजीको अभिवृद्धि गर्ने
- ❖ उन्नत कृषि व्यवसाय, सुधारिएको पशु व्यवस्थापन र उन्नत प्रविधीहरुको अनुशरणबाट बाखा, दुध, तरकारी, मसलाबाली र मौरीको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्ने
- ❖ निजी तथा वित्तिय संस्थाहरुले कृषी क्षेत्रमा हाल गर्दै आएको लगानीमा रुपान्तरणकारी बृद्धि गर्ने
- ❖ लक्षित मुल्य श्रंखलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको श्रृजना गर्ने

# कृषी र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना

नेपालका धैरै स्थानीय तहहरु कृषी र पशु पालनमा निर्भर रहेका छन् । स्थानीय तहहरुले कृषी र पशु विकासकालागी कार्यहरु गरिरहेका छन् । स्थानीय तहहरुले पनि विभिन्न गैर सरकारी साझेदारको मार्फतबाट कृषि, पशु विकासका कार्यहरु गरिरहेका छन् । स्थानिय श्रोत परिचालन गरी रोजगारी सृजना, जलवायु परिवर्तन,

सहकारी संस्थाहरुको सबलिकरण तथा स्थानिय स्तरमा कृषि तथा पशु उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट गाउँमा साना किसान, महिला तथा युवाहरुको आर्थिक जीवनस्तरमा सुधार गर्ने उदेश्यले शान्तिनगर गाउँपालिका, हेफर प्रेजेक्ट नेपाल र नेपाल महिला सामुदायिक सेवा केन्द्रको साझेदारीमा दाङको शान्तिनगर गाउँपालिकामा २०८० फाल्गुन १७ गते सम्झौता भई 'कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजना' संचालन भई रहेको छ ।

उक्त परियोजना मार्फत समुदायमा जीवन निर्वाहका लागि कृषि तथा पुश विकास पेशा अंगालेर सामान्य रुपमा व्यवसाय संचालन गरिरहेका साना किसानहरुलाई परियोजनामार्फत समुहमा आबद्ध गराउने र समुहका सदस्यहरुलाई परियोजनाबाट विभिन्न सहयोगबाट व्यवसायीक विकास र सामाजिक पूँजी निमार्ण गर्न यसले सघाउने गर्छ ।

गरिब तथा विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई मौसम अनुकुलन, वित्तीय सेवाहरुमा पहुच अभिवृद्धि तथा बजारहरुसँगको सम्बन्ध विकास गरि व्यावसायीक तथा दिगो नाफामूलक उद्यममा परिणत गर्ने, नीति तथा वित्तीय संस्थाहरुको कृषि तथा पशु विकासमा भएको लगानी अभिवृद्धि गर्ने, साना किसान तथा मुल्य श्रृखलामा आवद्ध आपूर्तीकर्ता, व्यापारी तथा नीजि क्षेत्रको पुहँच अभिवृद्धि गरी साना किसानहरुलाई व्यवसायी बनाउन परम्परागत शैलीमा चलेका निवार्हमुखी पेशालाई उद्यम/व्यवसायको रुपमा विकास गर्न सहयोग गरी हरेक परिवारको बार्षिक आम्दानीमा थप बृद्धि गर्ने उदेश्यका साथ वि.स २०८० फागुन १७ देखी २०८३ असार १६ गतेसम्म शान्तिनगर गाउपालिकामा यो परियोजना सञ्चालित छ ।

परियोजना अन्तरगत शानितनगर गाउँपालिकामा २० समूहहरु गठन भएका छन् । जसमा मूल समूह १२ र उपहार समूह ८ वटा गठन भएका छन् । जसमा ५ सय बढि परिवार आवद्ध रहेका छन् । समूहमा आवद्ध सदस्यहरुलाई क्षमता विकास तालिम दिएर कृषी र पशु ब्यवसायमा संलग्न गराउन सुरु गरिएको छ । समूहमा आवद्ध सदस्यहरुलाई बोका वितरण गरिएको छ । व्यवस्थित भकारो र व्यवस्थित खोरहरु निर्माण गरिएको छ । यस आर्थिक बर्षमा १९ वटा बोका वितरण गरिएको छ भने १८ वटा व्यवस्थित खोर र १९ वटा व्यवस्थित भकारो निर्माण गरिएको छ । समूहमा आवद्ध सदस्यहरुलाई पशु पालनकालागी सहजता ल्याउने काम पनि भएको छ । पशुका लागी घाँस उत्पादन गर्न आवश्यक भएकाले सदस्यहरुलाई घाँसको बिउ वितरण गरिएको छ । जसमा किम्बु, सुपर नेपीएर। रेड नेपीएर, बकाईनो र बडहर जातको डाले घाँस वितरण गरिएको छ भने सुडान, बाजरा र टियोसेन्टी जातका भूँई घाँसहरु वितरण गरिएको छ । घाँस उत्पादन भएसँगै किसानहरुलाई पशु पालनमा सहज हुने छ ।

समूहका सदस्यहरुको क्षमता विकास र समूह सञ्चालनकालागी तालिमहरु पनि सञ्चालन भएका छन् । आधारशीला तालिम र पशु व्यवस्थापन तालिमहरु प्रदान गरिएको छ । हेफर आधारशिला तालिम तथा प्रभावकारी सामाजिक परिचालनका कारण समुदायमा सामाजिक पुँजीको बिकास भएको छ । जसको कारण सामुहिक कार्य, उत्तरदायित्व, आपसी सहयोग, सद्भाव, सकारात्मक सोचको विकास भएको पाईएको छ ।

## सामाजिक परिक्षणमा सरोकारवालाहरुले राखेका बिचारहरु :

सामाजिक परिक्षणका क्रममा परियोजना शान्तिनगर गाउँपालिकाका सेवाग्राही, जनप्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरुसँग छलफल र अन्तर्वाता गरिएको थियो । जसमा समावेशी सहभागितालाई जोड दिइएको थियो ।

**अन्तर्वार्ता तथा समूह छलफलमा सहभागीहरुको विवरण :**

| | दलित | जनजाति/आदिबासी | मुस्लिम | मधेसी | ब्राहमण / क्षेत्री | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| महिला | ६ | १३ | ० | ० | ८ | ० | २७ |
| पुरुष | १ | ४ | ० | ० | ७ | ० | १२ |
| जम्मा | **७** | **१७** | **०** | **०** | **१५** | **०** | **३९** |

## सरोकारवाला व्यक्तीसँगको अन्तर्वार्ता :

- **जंगबहादुर पुन : वडाध्यक्ष, शान्तिनगर गाउँपालिका- १ दाङ ।**

### १. यहाँलाई कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजनाबारे के जानकारी छ ?

शान्तिनगर गाउँपालिका, हेफर प्रोजेक्ट नेपाल र नेपाल महिला सामुदायिक सेवा केन्द्रबीचको सहकार्यमा सञ्चालित कृषी तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास साझेदारी परियोजना त कार्यक्रम सम्झौताकै विषयमा र सो भन्दा पहिलेदेखी नै जानकार छु । हामी बसेर नै परियोजनाको योजना गरेकाले यसबारेमा जानकार छु ।

### २. यस परियोजनाले के-के काम गर्छ ?

यस परियोजनाले कृषी तथा पशु पालनमा सहयोग गर्ने । महिलाहरुलाई रोजगारीमा जोड्ने । उनीहरुको दैनिकीमा सहज बनाउने काम यस परियोजनाले गर्ने गर्दछ । कृषी र पशु पालन सम्बन्धी तालिम दिने र उनीहरुको जिवनलाई आयआर्जनमा जोड्नकालागी परियोजनाले काम गरिरहेको छ । घाँस बिरुवा दिने, बोका बाख्रा दिने, खोर, भकारो बनाउने काम गरिरहेको छ ।

**३. यस परियोजनाले नागरिकको जीवनस्तर सुधारमा कत्तिको  काम गरेको छ ?**
राम्रो गरेको छ । ग्रामीण भेगका महिलाहरुको आर्थिक रुपमा सक्षम बनाउनकालागी यस परियोजनाले काम गरेको छ । हाम्रो गाउँपालिकामा यो पशु तथा कृषीको क्षेत्रमा भर्खरै कार्यक्रम सुरु गरेकाले पनि अझै देखीने गरि धेरै काम गर्न बाँकी नै छ । तर अहिलेसम्म जे भएको छ । राम्रो भएको छ ।

**४. परियोजनाले वडा कार्यालयसँग समन्वय र सहकार्य गरि कार्यक्रम कार्यान्वयन गरेको छ ?**
समन्वय सहकार्य राम्रै छ । साझेदारीमा कार्यक्रम सञ्चालन गरेका छौँ । पीएमसिसी बैठक पनि समयमै भईरहेको छ । जसले गर्दा एकआपसमा समन्वय सहकार्य भईरहेको छ ।

**५. परियोजनालाई थप प्रभावकारी बनाउन कस्तो कार्यक्रम सञ्चालन गर्नुपर्छ जस्तो लाग्छ ?**
जे काम भएको छ राम्रो छ । यसमा अझ उन्नत जातको बिउ तथा पशुहरुको क्षेत्रमा काम गर अझ राम्रो हुन्थ्यो । घाँस, बोका, बाख्राहरु आवश्यकता अनुसार अझै वितरण गर्ने, खोर भकारोको महत्व किसानहरुले थाहा पाउन थाल्नुभएको छ । यसको संख्या बढाएर लैजान आवश्यक छ । पालिकाको पशु तथा कृषी शाखाहरुलाई पनि थप क्रियाशील बनाएर किसानहरुलाई सेवा दिनुपर्छ भन्ने मेरो मान्यता हो । पशुको उपचारमा पनि सहयोग गर्नुपर्ने देखिन्छ । यसमा परियोजनाले काम गरेका राम्रो हुन्थ्यो । संस्थाले धेरै राम्रो काम गरेको छ । खुशी छौ हामी जनप्रतिनिधीहरु पनि ।

**६. तपाइको सुझाव केही छ ?**

मेरो सल्लाह भन्नुपर्दा परियोजनालाई कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर काम गरौँ । हामीले काम गर्दा ग्रामीण भेगका मानिसहरुको जिवनस्तर उकास्नकालागी काम गर्न मेरो सल्लाह हो । आगामी बर्षको योजना गर्दा पनि सबैले कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर सल्लाह गरेर काम गर्नुपर्नेछ ।

## *समूहका पदाधिकारी/सदस्यहरुसँगको कुराकानी :*

***यस परियोजनाबाट तपाईहरुले प्राप्त गरेका मुख्य उपलब्धिहरु के-के छन् र अब थप के भईदिए हुन्थ्यो ?***

- **शान्ति खड्का: सदस्य, कालिका महिला उद्यमी समूह (शान्तिनगर १ ज्यामिरे)**

यस कार्यक्रमबाट हामीलाई समूहमा आवद्ध बनाउनुभएको छ । समूहमा हामी १९ जना छौँ । मासिक बैठक बस्छौँ । मासिक रकम जम्मा पनि गर्छौँ । मासिक हामीले एक जनाले १०० रुपैया जम्मा गर्ने गरेका छौँ । भर्खर २/३ महिना भयो समूह गठन गरेका पनि । हामीलाई विभिन्न तालिमहरु पनि दिनुभयो । आधारशीला तालिम भयो अनि पशुको उचित व्यस्थापन तालिम भनेर पशु कसरी पाल्ने भनेर तालिममा सिकाउनुभयो । पशु गाईबाख्रा त पालिरहेका छौ तर त्यसलाई अझ कसरी राम्रोसँग व्यवस्थित रुपमा पाल्ने भनेर सिकेका छौँ । बाख्राको कसरी लालनपालन गर्ने, खाना, घाँस कसरी खुवाउने, सामाजिक काम कसरी गर्ने भन्ने सिकाउनुभयो

। अहिले गाउँपालिकाले खोर बनाईदिनुभएको छ । मसँग १० वटा बाख्रा छन् । खोर बनाउदा हामीले पनि केही पैसा थपेर बनाएका छौं । हामीलाई आवश्यक थियो । पालिकाले त्यसमा सहयोग गऱ्यो एकदम खुशी छौं ।

- **कमला खाम्चा मगर : सदस्य, कालिका महिला उद्यमी समूह (शान्तिनगर १ ज्यामिरे)**

भैसी त धेरै बर्ष भयो हामीले पालेको । बाख्रा पनि पालेका छौं । तर भैसीलाई जहाँ पायो त्यहा बाध्ने गर्थ्यौ । यो समूहमा आवद्ध भएपछि तालिम दिनुभयो । अनि अहिले हामीले तालिमबाट सिकेपछि भकारो बनाउने भन्यौ । सर मेडमहरुले पनि हुन्छ भन्नुभयो । समूहका अरु दिदिबहिनीहरुले पनि मैले भकारो बनाउछु भन्दा हुन्छ भन्नुभयो । अहिले हिजो मात्र बनाईसकेको हो । अझै राम्रोसँग सुकेको छैन । अब यो सुक्यो भने भैसी बान्ने हो । गाउँपालिकाले २५००० दिनुभएको । त्यसमा मैले थपेर बनाएको हुँ । करिब ५० हजार त भेटायो होला । समूहमा बोका पनि पाएका छौं । जसले खोर बनाउनुभएको छ । उहाँकै घरमा हामीले बोका दिएका छौं । समूहका सबैको हो त्यो । बिउ बोकाको रुपमा दिनुभएको छ ।

- **बिमला वली : अध्यक्ष, कालिका महिला उद्यमी समूह (शान्तिनगर १ ज्यामिरे)**

हामीले यो नेपाल महिला सामुदायिक सेवा केन्द्र, शान्तिनगर गाउँपालिका र हेफर प्रोजेक्टको कार्यक्रमबाट समूह गठन गरेका छौं । यस समूहको अध्यक्ष म हुँ । हामी सुरुमा २४ जना थियौं । अहिले घटेर १९ जना छौं । कोहीले छोड्नुभयो । कोही भने ईण्डीया जानुभयो । अहिले हामी १९ जना मात्र छौं । अब थप सदस्य बढाएर २४ जना नै पुऱ्याउने भन्ने हाम्रो प्लान छ । हामीले अब आजभोली खेतिमा बिजी भएर हो । अलि खाली भयौ भने सामाजिक काम पनि गर्ने भन्ने प्लान गरेका छौं । बृक्षारोपण गर्ने भन्ने योजना छ । अब हामीले खेतिपाती रोपाई सक्यौ भने वृक्षारोपण गर्ने हो । हामीलाई धेरै राम्रो भएको छ । समूहमा दिदिबहिनीहरु भेटघाट गर्छौं । कुराकानी गर्छौं । सुखदुख कुराकानी हुन्छ ।

- **पीमा बि.क : सदस्य, पिपलबोट स्वावलम्बी महिला समूह (शान्तिनगर २ विष्णुपुर)**

हामी दिदिबहिनीहरु जम्मा भएर यो समूह गठन गऱ्यौ । जसमा यो परियोजनाले हामीलाई सहयोग गरेको छ । हामीलाई तालिम दिएको छ । भकारो बनाउन पैसा दिएको छ । तालिममा हामीलाई पशु पालनसम्बन्धी धेरै कुरा सिकाउनुभएको छ । हामीले त्यसलाई पालना गर्ने कोसिस गरिरहेका छौ । घाँस दिनुभएको छ । हामीले घाँस पनि लिएर रोपेका छौं । भैसी बाख्रालाई कसरी फुर्काउने, के खुवाउने, औषधी कसरी खुवाउने भन्ने कुरा सबै सिकाउनुभएको छ । यो कार्यक्रमलाई सधै सञ्चालन गर्नुहोला ।

- **काली परियार : पिपलबोट स्वावलम्बी महिला समूह (शान्तिनगर २ विष्णुपुर)**

यो परियोजनाले हामीलाई धेरै नै कुरामा सहयोग पुऱ्याएको छ । बाख्रा पाल्न सिकाएको छ । बाख्राको घाँस दिएको छ । बाख्रालाई कस्तो ठाँउमा राख्ने । खोर कस्तो बनाउने कुन घाँस खुवाउने भनेर पनि सिकाएको छ । धेरै राम्रो भएको छ । महिला दिदिबहिनीहरु भेला भएर ३५ जनाको समूह बनाएका छौं । मासिक ५० रुपैया बचत गर्छौं । बोका दिएको छ । खोर दिनुभयो । बनाईरहेका छौं । खोर बनाएपछि बाख्रा पाल्न एकदम सजिलो

हुन्छ जस्तो लागिरहेको छ । बाख्रा भेडा पालेको छु । १४ वटा छन् भेडा बाख्रा गरेर । अब पानी पर्छ हिलो किचो हुन्थ्यो । भेडा बाख्रा सुख्खा ठाँउमा बस्न पाउने भए ।

- **सुशीला चौधरीः सदस्य, सौभाग्य महिला समूह (शान्तिनगर ५ कासीपुर)**

यस कार्यक्रमबाट मेडमहरुले भकारो बनाईदिनुभएको छ । भैसी पालेका छौँ । अहिले हामीले भकारो बनाउनकालागी बजेट पायौँ । हामीलाई यसरी राम्रो भकारो बनाउनुपर्छ । भैसीलाई सजिलो हुन्छ । खाना पनि मिलाएर खुवाउनुपर्छ भन्ने थाहा थिएन । उहाँहरुले तालिममा सिकाएपछि बल्ल थाहा पाष्यौँ । त्यसैले हामी एदम खुसी छौँ । हामीलाई अब भैसी पाल्नकालागी धेरै सजिलो हुने भएको छ । अब यो ढलाई गरेको सुक्यो भने भैसी बान्ने हो । एकदम खुशी छौ । समूहमा पनि छलफल गर्छौं । राम्रो छ । तपाईहरुलाई धन्यवाद ।

- **शान्ति चौधरी : सौभाग्य महिला समूह (शान्तिनगर ५ कासीपुर)**

समूहको सदस्य छु म पनि । बाख्रा त वुवा आमाले पालेदेखी नै पाल्न लागेको हौँ । तर कसरी पाल्ने भन्ने कसरी राम्रो बनाउने भन्ने थाहा थिएन । अहिले तालिम लिएर धेरै कुरा थाहा भयो । हामीले त बाख्रा पाल्न नै जानेको छैन रैछौँ जस्तो लागेको छ । अहिले गाउँपालिकाले २५,००० दिदैछ । त्यसमा थपथाप पारेर हामीले खोर बनाएका छौँ । बाख्रालाई बस्न धेरै सजिलो भएको छ । काठ, बाँस राखेर खोर बनाएका छौँ । एकदम सजिलो भएको छ । बाख्राले नि सजिलो मानेका छन् । चराएर ल्याएपछि पनि आफै त्यही खोरमा सरासर जान्छन् । राम्रो भएको छ । अझै हामीलाई तालिमहरु दिनुहोला ।

- **सुशीला रावत : लालीगुँरास महिला उद्यमी समूह (शान्तिनगर ६ देविपुर)**

यो कार्यक्रमबाट हाम्रो समूह गठन भएको छ । समूहका दिदिबहिनीहरु खुशी हुनुहुन्छ । म पनि खुशी छु । समूहमा मासिक बचत गर्ने गर्दछौँ । समूहमा हामीले तालिम लिएका छौँ । आधारशीला तालिम लियौँ । मिलिजुली कसरी काम गर्ने । सामाजिक काम कसरी गर्ने भन्ने कुरा हामीले सिक्यौ । आफ्नो जिवन कसरी राम्रो बनाउने । परिवारलाई कसरी राम्रो बनाउने, व्यवसाय कसरी राम्रो बनाउने भन्ने कुरा पनि सिकेका छौँ ।

- **मेनका भण्डारी : कोषाध्यक्ष, मिलिजुली महिला उद्यमी समूह (शान्तिनगर ६ चिलरिया)**

हामी गाउँका दिदिबहिनीहरु मिलेर यो कार्यक्रम अन्तरगत मिलिजुली महिला उद्यमी समूह गठन गरेका छौँ । समूहमा ३ जना महिलाहरु छौँ । समूहमा हामीले विभिन्न तालिमहरु लिएका छौँ । हेफर आधारशीला तालिम लियौँ । जसमा हामीले उपहार प्रदान वातावरण संरक्षण, दियगोपना, आत्मनिर्भरता, पूर्ण सहभागिता, शिक्षा, सामुहिक काम कसरी गर्ने लगायतका विषयमा तालिम लिएका छौँ । हेफर, शान्तिनगर गाउँपालिका, नेपाल महिला सामुदायिक सेवा केन्द्रले सञ्चालन गरेको यो कार्यक्रमले हामीलाई धेरै कुरा सिकाएको छ । हामीलाई अहिले भकारो बनाउनकालागी पनि पैसा दिएको छ । हामीले पहिले सानो सानो भकारो त बनाएका थियौँ तर अहिले व्यवस्थित बनाउनकालागी सिकाउनुभयो पनि र बनाउनकालागी पनि पैसा सहयोग गर्नुभयो, एकदम खुशी छौँ । जर्सी गाई पालेका छौँ । अब खकारो बनिसकेको छ । अरु गाई भैसी नि थप्ने योजनामा छौँ । घाँसहरु

पनि पाएका छौँ । खुशी छौँ । हामी खेति किसानी गर्ने मान्छेहरुलाई अझ कृषीकालागि टेक्टरहरु दिए हुन्थ्यो भन्ने लाग्छ ।

- **रत्नकुमारी चौधरी : प्रगतिशील स्वावलम्बी महिला समूह (शान्तिनगर ७ धनौरा)**

हामीले यो कार्यक्रमबाट समूह गठन गरेका छौँ । समूहमा २५ जना छौँ, मासिक १०० रुपैया जम्मा गर्छौं । समूहमा तालिम लिएका छौ । आधारशीला तालिमहरु लिएका छौँ । बोका पाएका छौँ । घाँस पाएका छौ । घाँस रोप्यौ । गाउँपालिका र हेफरले हामीलाई सहयोग गरेको छ । बाखा पालेको छु ९ वटा छन् अनि बंगुर नि पालेका छौँ । १६/१७ वटा बंगुर अस्ती भर्खर बेचे । ब्रोईलर पनि पालेको छौँ । ठिकै छ । यही खेतिकिसानी, पशुपालन, चल्ला पालनमा रमाएका छौ परिवार नै । खुशी छौँ । यसैमा झन् तपाईहरुले यो खोरकालागी सहयोग गनुभएको छ । खुशी छौँ । घाँसको बिउ पनि पाएका छौँ । घाँस पनि रोप्यौ । समय समयमा हामीलाई तालिम दिनुपऱ्यो र

- **शीवा वि.क : सदस्य, राधाकृष्ण स्वावलम्बी महिला समूह (शान्तिनगर ७ खैरेनी)**

यस कार्यक्रमले हामीलाई समूहमा एक बनाएको छ । यस राधाकृष्ण स्वावलम्बी महिला समूहमा २७ जना सदस्यहरु रहेका छौँ । यस समूहमा हामी आवद्ध भएपछि तालिमहरु भएको छ । आधारशीला तालिम भयो । त्यसमा हामीले जिवन कसरी राम्रो बनाउने । व्यक्तीगत जिवन, पारिवारिक जिवन र सामाजिक जिवन कसरी राम्रो बनाउने भनेर हामीले सिकेका छौँ । बाखा कसरी पाल्ने, भैसी कसरी पाल्ने भन्ने विषयमा पनि हामीले सिकेका छौँ । भकारो बनाएका छौँ । गाउँपालिकाले २५००० दिएको छ । जसले गर्दा भकारो बनायौँ । करिब ५० हजार लगानी भयो भकारोमा । त्यसमध्य आधा पनि हामीले अनुदान पायौ । त्यसमा धेरे खुशी छौँ । २ वटा भैसी छन् र अब भैसी नि थपेर अलि व्यवसायिक रुपमा पालन गर्ने भनेका छौँ । अस्ती घाँस पायौँ घाँस पनि रोपेका छौ । अब घाँसमा केही सहज हुन्छ कि भन्ने छ । हेरौँ के हुन्छ । बंगुर नि छन् ६ वटा । कृषी र पशुमै निर्भर छ हाम्रो परिवार अब यसैमा रमाएका छौँ । खुशी छौ यो कार्यक्रमको सहयोगले । आगामी दिनमा पनि नियमीत हामीलाई सल्लाह सझाव दिनुहोला । निरन्तर तालिमहरु पनि सञ्चालन गर्नुहोला ।

## निष्कर्ष :

शान्तिनगर गाउँपालिका, हेफर प्रोजेक्ट नेपाल र नेपाल महिला सामुदायिक सेवा केन्द्रको सहकार्यमा सञ्चालन भएको कृषी तथा पशु विकासमा आधारित साना किसान र युवा उद्यमशिलता विकास साझेदारी परियोजना मार्फत ग्रामीण भेगमा नागरिकहरुको जिवनस्तरलाई आर्थिक रुपमा बलियो बनाउने काम समाजकालागी महत्वपूर्ण योगदान हो । गाउँगाउँमा पुगेर नागरिकहरुलाई एकजुट बनाई समूहमा आवद्ध गराई आर्थिक सशक्तिकरणकालागी परियोजनाले काम गरेको छ । जसबाट किसानहरुलाई व्यवसायीक बन्नका किसानहरु उत्प्रेरित भएका छन् । परम्परागत रुपमा गरिने कृषी र पशु पालनलाई आधुनिकतासँगै जोडेर आयआर्जनमा किसानहरु जोडिन सुरु गर्नुभएको छ ।

परियोजनामार्फत किसानहरुको जीवनस्तर उकास्नकालागी भएका क्रियाकलापहरुले किसानहरु शु पालनमा आकर्षीत हुनुभएको छ । परम्परागत खेतीपाती र पशुपालनमा रहेका किसानहरुलाई व्यवसायीक

पशुपालन गर्न प्रेरित गर्ने काममा संस्थाले निकै राम्रो भूमिका खेलेको छ । समूहमार्फत महिलाहरुको जीवनस्तरमा परिवर्तन ल्याउनकालागी काम भइरहेको छ । कुनैबेला घरव्यवहार र चुलोचौकामा सिमित महिलाहरु अहिले समूहमा नियमित बचत गर्ने, आबश्यक पर्दा आफ्नै समूहबाट ऋण लिने, व्यवसाय गर्ने र आत्मनिर्भर बन्ने मार्गतर्फ उन्मुख भएका छन् । समूहगत उर्जा र समय-समयमा हुने तालिमका विषय आत्मसाथ गर्दै महिलाहरुको क्षमता विकास भई आत्मबल समेत बृद्धि भएको छ । यसले सशक्तिकरणको क्षेत्रमा पनि ठूलो योगदान दिएको छ ।

किसानहरुले परियोजनाबाट पाएको सहयोगलाई सदुपयोग गर्दै त्यसमा थप लगानी गर्दै व्यवस्थित रुपमा व्यवसायीक पशुपालनतर्फ लाग्नुभएको छ । २ वटा बाख्रा पाल्ने किसानहरु परियोजनाको सकारात्मक उर्जाकासाथ बाख्राको संख्यामा थप गरि व्यवसायिक रुपमा बाख्रा पालनतर्फ उन्मुख हुनुभएको छ । समूहमा आवद्ध महिला दिदिबहिनीहरुमा पनि एक अर्कामा अनुभव आदानप्रदान गर्दै पशुपालनलाई थप व्यवस्थित बनाउन उन्मुख भएको देखिन्छ । परियोजनाबाट व्यवस्थित खोर, नमूना खोर, सुधारिएको भकारो निर्माणसँगै पशु पालनकालागी घाँसको बिउ पाउदा समूहका सदस्यहरुमा उर्जा थपिएको छ । व्यवसायलाई बृद्धि गर्दै लग्ने प्रतिवद्धता पनि रहेको छ । समूहमा आवद्ध महिलाहरु मासिक रुपमा बैठक बस्दा खुशी हुनुहुन्छ । दिदिबहिनीहरु भेट भएर एक आपसमा दुखसुख कुरा गर्न पाईने भएकाले उहाँहरुमा खुशी थपीएको छ ।

यी सकारात्मक परिवर्तनलाई आत्मसाथ गर्दै आगामी दिनमा पनि अझ प्रभावकारी कामहरु गर्नुपर्ने देखिन्छ । किसानहरुलाई उनीहरुको रुची, आवश्यकता र सम्भावनाका आधारमा आयआर्जन र व्यवसायका काममा सहयोग गर्नुपर्ने देखिन्छ । नियमित प्राबिधिक सहयोग उपलब्ध गराई पशुपालन र खेतीपातीलाई आयमुलक बनाउन सक्नुपर्छ । यसले किसानहरुलाई व्यवसायीक कृषक बन्न प्रोत्साहन गर्न सक्छ ।

किसानहरुको रोजाई अनुसार अनुदान प्रदान गर्नुपर्ने देखिन्छ । पशु र कृषीमा उन्नत जातको प्रयोग आवश्यकता र सदस्यहरुको माग देखिन्छ । परापूर्व देखी कै कृषी तथा पशुको जात भन्दा पनि उत्पादनबाट किसानहरुले माटो अनुसारको उत्पादनलाई जोड दिदै कृषीमा आधुनिकीकरण आवश्यकता देखिन्छ । माटो चेकजाँच गरेरमात्र उत्पादनको योजना बनाएमा काम गरेमा कृषीमा थप प्रभावकारी हुन सक्छ । कृषीमा जैविक मलको प्रयोगलाई पनि जोड्न सकेमा माटोको उत्पादन क्षमता जोगाउन सकिने र रासायनिक मल अभावको समस्या टर्ने देखिन्छ । सदस्यहरुलाई बोका तथा बाख्रा वितरण, व्यवस्थित खोर, सुधारिएको भकारो निर्माणको महत्वलाई अझै प्रष्टाउन सकेका बुझाईमा सकारात्मक प्रभाव पर्न सक्छ । गाउँपालिकासँगको समन्वयलाई प्रभावकारी बनाउदै वडासँगको सहकार्यलाई अझै बढाउन आवश्यक देखिन्छ ।

# प्रारम्भिक प्रतिवेदन सार्वजनिक कार्यक्रम

सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन तयार पारिसकेपछि सरोकारवालाहरुसमक्ष सार्वजनिक गरेर त्यसबारे आबश्यक सुझावहरु लिइएको थियो । शान्तिनगर गाउँपालिकाका अध्यक्ष प्रमोद बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधि, सेवाग्राहीसँग सुझावहरु संकलन गरिएको थियो । प्रतिवेदन सर्वसहमतिमा अनुमोदन गरिएको थियो ।

**कार्यक्रम भएको विवरण**

मिति : २०८१ असार २३ गते आईतवार

स्थान : शान्तिनगर गाउँपालिकाको सभाहल

समय : दिउसो ३:३० देखी ५ बजे

## प्रारम्भिक प्रतिवेदन सार्वजनिक कार्यक्रममा प्राप्त प्रतिक्रियाहरु :

- **प्रमोद बस्नेत : अध्यक्ष, शान्तिनगर गाउँपालिका**

शान्तिनगर गाउँपालिका, हेफर प्रोजेक्ट नेपाल र नेपाल महिला सामुदायिक सेवा केन्द्रको सहकार्यमा सञ्चालित कृषी र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास साझेदारी परियोजनाले यस गाउँपालिकाको पशुको क्षेत्रको विकासमा काम गरिरहेको छ । पशु पालनमा परियोजनाले धेरै भौतिक निर्माणको काम गरेको छ । खोर बनाउने, भकारो बनाउने, बोका वितरण गर्ने, घाँसको बिउ वितरणको काम गरेको छ । यस्ता कामले किसानहरुलाई खुसी बनाएको छ । यस्ता कामलाई निन्तर अगाडी बढाउन आवश्यक छ । परियोजनाले पछाडि परेको समाजलाई अघि बढाउन र समृद्ध समाज निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । सरकार र संघसंस्थाको सम्बन्ध नङ र मासुको जस्तो हुनुपर्छ । जसको परियोजना यो एक उदाहरण हो । सो सामाजिक परिक्षणले परियोजनालाई अगाडी बढानकालागी सहयोग गर्नेछ भन्ने अपेक्षा व्यक्त गर्दछु ।

***प्रक्रिया :*** *अर्न्तवार्ता, प्रश्नोत्तर, छलफल, भेटघाट, प्राईमरी डाटा संकलन तथा विश्लेषण*

***स्रोतहरु:*** *शान्तिनगर गाउँपालिका, परियोजना कार्यालय, परियोजना कार्यक्रम, समूहका सदस्यहरु, तथ्यांक कार्यालय दाङ*

# तस्वीरहरु




















**रमेश के.सी (आर.के.शीतल)**

**सामाजिक परिक्षक**